# त्रिभुवन विश्वविद्यालय

**व्यवस्थापन संकाय**

**परीक्षा नियन्त्रण महाशाखा**

**डीनको कार्यालय**
**कीर्तिपुर, काठमाडौं, नेपाल ।**

Faculty of Management
Office of the Dean
Kirtipur

टेलिफोन : ०१-४३३०८१८, ०१-४३३२७१८, ०१-४३३५९८७ (परीक्षा)
०१-४३३६६०६ (परीक्षा), ०१-५९०७९२७ (थेसिस)
E-mail : fomdean@gmail.com, info@fom.tu.edu.np
: exam.mgmt.tu@gmail.com, mgmtdean.exam@gmail.com
Website : www.fomecd.edu.np, www.tudoms.org


मिति:- २०८३ । ०३ । ०५

## स्नातकोत्तर तहको तेश्रोसत्रको नियमित परीक्षा - २०२६ को फाराम भर्ने सूचना

त्रि. वि. व्यवस्थापन संकाय अन्तर्गत संचालित स्नातकोत्तर तहका Master of Business Administration in Finance (MBA-F), Master of Business Administration in Corporate Leadership (MBA-CL), Master of Business Administration in Marketing (MBA-M), Master of Business Management (MBM), Master of Hospitality Management (MHM), Master of Adventure Tourism Studies (MATS) र Master of Travel and Tourism Management (MTTM) कार्यक्रमका तेश्रोसत्रको नियमित परीक्षा आगामी **२०८३ श्रावण महिनाको अन्तिम सातादेखि** सञ्चालन हुने भएकोले सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित कार्यक्रम र सत्रको सिमेष्टर परीक्षामा सम्मिलित हुन चाहने (सन् २०२१ देखि सन् २०२५ भर्ना समुहमाउल्लेखित कार्यक्रममा भर्ना भएका) परीक्षार्थीहरुले परीक्षा फाराम भरि सम्बन्धित क्याम्पस / कलेजमा मिति २०८३ । ०४ । ०४ गतेभित्र (परीक्षार्थीबाट जम्मा भएको शुल्क सोहि दिन बैंक दाखिला वा मिति २०८३ । ०४ । ०५ गते बैंक खुलेको पहिलो सत्रमा जम्मा गर्नु पर्ने) र सम्बन्धित क्याम्पस / कलेजहरुले उक्त परीक्षा फारम मिति २०८३ । ०४ । ०८ गते भित्र यस डीन कार्यालयको परीक्षा नियन्त्रण महाशाखामा अनिवार्यरुपमा तपशिलमा उल्लेखित आवश्यक शुल्क सहित बुझाई सक्नुपर्नेछ ।

<u>तपशिल</u>

**नियमित परीक्षा शूल्कः** प्रति विद्यार्थी प्रति सत्र : रु ३०००।-

**आंशिक परीक्षा शूल्कः** प्रति विद्यार्थी प्रति विषय : रु ६००।-

**परीक्षा केन्द्र शूल्कः** प्रति विद्यार्थी प्रति सत्र : रु ४५०।-

**परीक्षा फाराम शूल्कः** प्रति विद्यार्थी प्रति सत्र : रु ५०।-

**विलम्ब शूल्क :** मिति २०८३ । ०४ । ०५ र ०६ गरि २ दिन सम्म प्रति विद्यार्थी प्रतिसत्र रु ५००।-, मिति २०८३ । ०४ । ०७ र ०८ गरि दोश्रो २ दिन सम्म प्रति विद्यार्थी प्रतिसत्र रु १,०००।- र त्यसपछिको मिति २०८३ । ०४ । ०९ र १० गरि २ दिन अन्तिमपटक प्रति विद्यार्थी प्रतिसत्र रु २,५००।- रहेको छ । जम्मा भएको रकम सोहिदिन बैंकमा जम्मा गर्नु पर्नेछ ।

म्यादनाघी वा रीत नपुगी प्राप्त फाराम उपर कुनै कारवाही हुने छैन साथै उक्त परीक्षाको विस्तृत परीक्षा तालिका पछि प्रकाशित गरिने छ ।

***नोटः*** *(क) नियमित परीक्षाहरुको हकमा दोश्रोसत्रको Grade Sheet को प्रतिलिपी र आंशिक परीक्षार्थीहरुको हकमा तेश्रोसत्रको नियमिति परीक्षाको लब्धाङ्कपत्रको प्रतिलिपी अनिवार्य रुपमा फाराम संगै सलग्न गरी पठाउनुपर्ने अन्यथा उक्त परीक्षार्थीको परीक्षा फाराम स्विकृत गरीने छैन ।*

*(ख) परीक्षा फाराममा विषय सच्चाईएको पाईएमा सो परीक्षाफारम रद्द गरिनेछ र सोको जिम्मेवारी स्वयम् विद्यार्थी हुनेछ ।*

*(ग) परीक्षार्थीहरुको <u>आन्तरिक मुल्याङ्कन संकायको **Website** मा उपलब्ध नमुना बमोजिमको समष्टिगत विवरण</u> परीक्षा फाराम संगै संलग्न गरि सो प्राप्ताङ्क परीक्षा फर्ममा समेत उल्लेख गर्नु का साथै यस संकायको email id: mgmtdean.exam@gmail.com मार्फत पठाउनुपर्नेछ । **आन्तरिक मुल्याङ्कन उल्लेख नभएका परीक्षा फाराम स्वीकृत गरीने छैन ।***

*(घ) परीक्षाशुल्क व्यवस्थापन संकाय, त्रि. वि. कीर्तिपुरको नेपाल बैंक लिमिटेड, कीर्तिपुर शाखाको च.हि.नं. ०४५-००१-०००९९०६६००००००१ मा जम्मा गरी **कार्यक्रम र सत्र अनुसारको छुट्टाछुट्टै सक्कल भौचर** परीक्षा फाराम संगै संलग्न गरि समष्टिगत विद्यार्थी विवरणको Hard Copy लेखा शाखाको लागि १ प्रति र फाराम शाखाको लागि १ प्रति गरि २ प्रति अनिवार्य रुपमा ल्याउनु पर्नेछ ।*

..............
डा. भरत राई
सहायक डीन

# त्रिभुवन विश्वविद्यालय

## व्यवस्थापन संकाय

(परीक्षा नियन्त्रण महाशाखा)

डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं, नेपाल

Faculty of Management Office of the Dean Kirtipur

टेलिफोन : ०१-४३३०८१८, ०१-४३३२७१८, ०१-४३३५९८७ (परीक्षा)
०१-४३३६६०६ (परीक्षा), ०१-५९०७९२७ (थेसिस)
E-mail : fomdean@gmail.com, info@fom.tu.edu.np
: exam.mgmt.tu@gmail.com, mgmtdean.exam@gmail.com
Website : www.fomecd.edu.np, www.tudoms.org


मिति:- २०८३ । ०३ । ०५

## MBS तथा MPA कार्यक्रमको तेश्रोसत्र नियमित परीक्षा २०२६ को परीक्षा फाराम भर्ने सूचना

त्रिभुवन विश्वविद्यालय, व्यवस्थापन संकाय, डीनको कार्यालयबाट सेमेष्टर प्रणालीमा सञ्चालित Master of Business Studies (MBS) र Master of Public Administration (MPA) कार्यक्रममा २०८१ साल (सन् २०२५) मा भर्ना भएका परीक्षार्थीहरुको तेश्रोसत्रको नियमित र सन् २०२१ देखि सन् २०२४ सम्म उल्लेखित कार्यक्रममा भर्नाभई तेश्रोसत्रको नियमित परीक्षामा सामेलभै अनुर्तिण वा अनुपस्थित भएका आंशिक परीक्षार्थीहरु (नियमित परीक्षाको आंशिक परीक्षार्थी) समेतको तेश्रोसत्रको नियमित परीक्षा मिति **२०८३ श्रावण महिनाको अन्तिम सातादेखि** संचालन हुने भएकोले सो परीक्षाको परीक्षा फाराम भर्नेबारे सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित कार्यक्रम र सत्रको सिमेष्टर परीक्षामा सम्मिलित हुन चाहने (सन् २०२१ देखि सन् २०२५ भर्ना समुहमा उल्लेखित कार्यक्रममा भर्ना भएका) परीक्षार्थीहरुले परीक्षा फाराम भरि सम्बन्धित क्याम्पस / कलेजमा मिति २०८३ । ०४ । ०४ गतेभित्र (परीक्षार्थीबाट जम्मा भएको शुल्क सोहि दिन बैंक दाखिला वा मिति २०८३ । ०४ । ०५ गते बैंक खुलेको पहिलो सत्रमा जम्मा गर्नु पर्ने) र सम्बन्धित क्याम्पस / कलेजहरुले उक्त परीक्षा फारम मिति २०८३ । ०४ । ०८ गते भित्र यस डीन कार्यालयको परीक्षा नियन्त्रण महाशाखामा अनिवार्यरुपमा तपशिलमा उल्लेखित आवश्यक शुल्क सहित बुझाई सक्नुपर्नेछ ।

तपशिल

**नियमित परीक्षा शूल्कः** प्रति विद्यार्थी प्रति सत्र : रु १५००।-

**आंशिक परीक्षा शूल्कः** प्रति विद्यार्थी प्रति विषय : रु ३००।-

**विलम्ब शूल्क :** मिति २०८३ । ०४ । ०५ र ०६ गरि २ दिन सम्म प्रति विद्यार्थी प्रतिसत्र रु ५००।-, मिति २०८३ । ०४ । ०७ र ०८ गरि दोश्रो २ दिन सम्म प्रति विद्यार्थी प्रतिसत्र रु १,०००।- र त्यसपछिको मिति २०८३ । ०४ । ०९ र १० गरि २ दिन अन्तिमपटक प्रति विद्यार्थी प्रतिसत्र रु २,५००।- रहेको छ । जम्मा भएको रकम सोहिदिन बैंकमा जम्मा गर्नु पर्नेछ ।

म्यादनाघी वा रीत नपुगी प्राप्त फाराम उपर कुनै कारवाही हुने छैन साथै उक्त परीक्षाको बिस्तृत परीक्षा तालिका पछि प्रकाशित गरिने छ ।

**नोट:**

*(क) नियमित परीक्षार्थिहरुको हकमा दोश्रोसत्रको को Grade Sheet / Ledger / Admit Card को फोटोकपी र आंशिक परीक्षार्थीहरुको हकमा तेश्रोसत्रको नियमित परीक्षाको Grade Sheet को प्रतिलिपि अनिवार्यरुपमा परीक्षाफारम सँगै संलग्न गर्नुपर्नेछ अन्यथा उक्त परीक्षार्थीको परीक्षा फाराम स्विकृत गरीने छैन ।*

*(ख) परीक्षा फाराममा विषय सच्चाईएको पाईएमा सो परीक्षाफारम रद्द गरिनेछ र सोको जिम्मेवारी स्वयम् विद्यार्थी हुनेछ ।*

*(ग) परीक्षार्थीहरुको* ***आन्तरिक मुल्याङ्कनको List*** *परीक्षा फाराम सँगै संलग्न गरि सो प्राप्ताङ्क परीक्षा फाराममा समेत उल्लेख गर्नु पर्नेछ ।* ***आन्तरिक मुल्याङ्कन उल्लेख नभएका परीक्षा फाराम स्वीकृत गरीने छैन ।***

*(घ) परीक्षार्थीहरुको* ***आन्तरिक मुल्याङ्कनको List*** *यस संकायको email id: mgmtdean.exam@gmail.com मा Excel file format मा अनिवार्य रुपमा उपलब्ध गराउनुपर्नेछ ।*

*(ङ) परीक्षा फारम यस संकायको परीक्षा नियन्त्रण महाशाखाबाट उपलब्ध हुनेछ अन्यथा www.fomecd.edu.np बाट Download गरि Legal size paper मा print गरि भर्न सकिनेछ ।*

*(च) परीक्षाशुल्क व्यवस्थापन संकाय, त्रि. वि. कीर्तिपुरको नेपाल बैंक लिमिटेड, कीर्तिपुर शाखाको च.हि.नं. ०४५-००१-०००९९०६६००००१ मा जम्मा गरी* ***कार्यक्रम र सत्र अनुसारको छुट्टाछुट्टै सक्कल भौचर*** *परीक्षा फाराम सँगै संलग्न गरि समष्टिगत विद्यार्थी विवरणको Hard Copy लेखा शाखाको लागि १ प्रति र फाराम शाखाको लागि १ प्रति गरि २ प्रति अनिवार्य रुपमा ल्याउनु पर्नेछ ।*

डा. भरत राई
सहायक डीन